Australian Government

VIOLENCE AGAINST WOMEN
LET'S STOP IT
AT THE START

# बहुसांस्कृतिक श्रोताहरूसँग सञ्चारका लागि मार्गदर्शन

## यस जानकारीपत्रको उद्देश्य

Stop it at the Start (स्टप इट एट द स्टार्ट) अभियानसँग सम्बन्धित सबै संचारहरू व्यावसायिक, एकरूपतापूर्ण, र अभियानका मुख्य सन्देशहरू तथा अष्ट्रेलियाली सरकारका प्रतिबद्धताहरू अनुरूप छन् भन्ने सुनिश्चित गर्न यो जानकारीपत्र मिडिया, सरोकारवालाहरू र समुदायका लागि मार्गदर्शनहरूको संकलनको रूपमा तयार गरिएको छ।

## लक्षित श्रोताहरूलाई सन्देश पठाउँदा

| | मुख्य सन्देशहरू |
|---|---|
| **व्यापक सन्देशहरू** | Stop it at the Start एक प्राथमिक रोकथाम अभियान हो जसले वयस्क व्यक्तिको रूपमा हामीहरूले कसरी महिलाहरूमाथि हुने हिंसाको चक्र तोड्न मद्दत गर्न सक्छौं भनेर हेर्दछ।<br>• महिलाहरूप्रति देखाइने सबै अनादर हिंसामा परिणत हुँदैन, तर महिलाहरू माथि हुने सबै हिंसा अनादरबाट शुरु हुन्छ ।<br>• महिलाहरूमाथि अझै पनि हिंसा हुन्छ र यो समस्या समाधान हुन सकेको छैन।<br>• अभिभावक, हेरचाहकर्ता र परिवारका सदस्यहरूको रूपमा  हामी सबैले महिलाहरूप्रति देखाइने अनादर र अन्ततः उनीहरूमाथि हुने हिंसाको चक्रलाई तोड्न भूमिका खेल्नुपर्छ।<br>• अनलाइनमा हुने अनादर, हिंसा-सहयोगी मनोवृत्तिको विकास हुनसक्ने धैरै तरिकाहरू मध्ये एक हो। |
| **अनादरका लुकेका प्रवृत्तिहरू** | अनलाइन तथा वास्तविक संसारमा युवाहरू र लैंगिकतामा आधारित अनादरप्रति उनीहरूको दृष्टिकोणलाई असर गर्ने नयाँ र शक्तिशाली प्रभावहरू छन्।<br>• अभिभावक र प्रभावकारी व्यक्तिहरू (influencers) नवयुवाहरूले अनलाइन गर्ने कुराकानीहरूका बारे अनभिज्ञ रहेका छन्। यसले उल्लेखनीयरूपमा अभिभावकहरूका लागि ज्ञान र समझको अन्तराल बढाउँदै लगेको छ।<br>• हाम्रा बालबालिकाहरूले आफ्नो वरिपरिको संसारबाट मान्यताहरू बनाउँछन – विद्यालयमा, साथीभाईहरूसँग र  अनलाइन उनीहरूले सुन्ने, देख्ने र गर्ने कुराकानीबाट।<br>• सामाजिक मिडियामा प्रयोग हुने एल्गोरिदमहरूले हामीले देखेको कुरालाई प्रभावित गर्दछन्। धैरै एल्गोरिदमहरू हामीले प्रायः उपयोग गर्ने सामग्रीहरू देखाउन आफूलाई |

| | |
|---|---|
| | त्यसअनुरूप परिवर्तन गर्दछन्। उदाहरणका लागि, एक नवयुवा व्यक्तिले एउटा पोष्टलाई लाइक गरेमा, त्यसको टिप्पणी गरेमा, वा अरूसँग साझा गरेमा उसले त्यही विषय बारेका पोष्टहरू आफ्नो फिड (feed) मा  देख्न थाल्ने अधिक संभावना हुन्छ।<br>• हामीहरूले नवयुवाहरूले  अनलाइनमा देख्न सक्ने सामग्रीहरू सेन्सर गर्न वा परिनियमन गर्न सक्दैनौं, तर हामीले उनीहरूले के हेरिरहेका र सुनिरहेका छन् भन्ने राम्रोसँग थाहा पाउन कदम चाल्नसक्छौं। |
| **मूलधारलाई कदम उठाउन आह्वान** | के तपाईंलाई तपाईंको बच्चाहरूलाई कुन कुराले प्रभावित गरिरहेको छ भन्ने थाहा छ?<br><br>अनादरको लुकेका प्रवृतिहरूका कारण हिंसा हुनुअघि नै त्यसका बारेमा थाहा पाउन respect.gov.au मा जानुहोस्।<br><br>महिलामाथि हुने हिंसा। यसलाई शुरु मैं रोकौं (stop it at the start)। |
| **CALD समुदायलाई कदम उठाउन आह्वान** | के तपाईंलाई तपाईंको बच्चाहरूलाई कसले प्रभावित गरिरहेको छ भन्ने थाहा छ?<br><br>अनादरको अनलाइन प्रवृतिहरूका कारण हिंसा हुनुअघि नै त्यसका बारेमा थाहा पाउन respect.gov.au मा जानुहोस्।<br><br>महिलामाथि हुने हिंसा। यसलाई शुरु मैं रोकौं (stop it at the start)। |

# प्रायः सोधिने प्रश्नहरू

## Stop it at the Start (स्टप इट एट द स्टार्ट) अभियान के हो?

- Stop it at the Start (स्टप इट एट द स्टार्ट) अभियान एक प्राथमिक रोकथाम अभियान हो जसको उद्देश्य लैङ्गिक हिंसालाई समर्थन गर्ने वा नजरअंदाज गर्ने मनोवृत्ति र व्यवहारहरूलाई प्रभावित गरेर लैङ्गिक हिंसाको अन्त्य गर्नु हो।
- यो अभियान आदरका बारे नवयुवाहरूको सोचाइलाई प्रभाव पार्ने नकारात्मक र हिंसात्मक अनलाइन प्रभावहरूको प्रतिकार गर्ने एक महत्त्वपूर्ण पहल हो।
- Stop it at the Start बिस्तृत अनुसन्धानमा आधारित छ जसले वर्तमानमा नयाँ शक्तिशाली अनलाइन तथा अफलाइन प्रभावहरूको उदयसँगै नवयुवा व्यक्तिहरू तथा वयस्क प्रभावकहरू (influencers) को मनोवृति र व्यवहारहरूमा बीचमा स्पष्ट प्रासंगिक परिवर्तन भएको खुलासा गरेको छ।
- पाँचौं चरणको मुख्य लक्ष्य वयस्कहरूलाई उनीहरूको मस्तिष्कमा यस समस्यालाई पुन: स्थापित गर्न प्रोत्साहित गर्नु, उनीहरूको बुझाईमा रहेका कमीकमजोरीहरू हटाउनु र नवयुवाहरूसँग उनीहरूको जीवनमा के कुराले प्रभाव प्रभाव पारिरहेको छ भन्नेबारे वार्तालापहरू गर्नु हो।

Australian Government

VIOLENCE AGAINST WOMEN
LET'S STOP IT
AT THE START

## यो अभियान कहिले र कहाँ चल्नेछ?

- यो अभियान १७ जुन २०२४ देखि ३ मई २०२५ सम्म टेलिभिजन, अनलाइन भिडियो, सोसल मिडिया, गुगल जस्ता अनलाइन सर्च र सिनेमाहरूमा सञ्चालन हुनेछ।
- विज्ञापनहरूलाई मिडिया सहभागिता, लक्षित सामग्री तथा संसाधनहरू, सामुदायिक सहभागिता र अभियानको वेबसाइट सहित एक व्यापक जनस    र्क रणनीतिद्वारा समर्थन गरिने छ।
- अभियानका विज्ञापनहरू यी ४ भाषाहरूमा अनुवाद गरिएको छ: अरबी, क्यान्टोनीज, म्यान्डरिन र भियतनामी।
- अभियानको वेबसाइटमा Algorithm of Disrespect™ (एल्गोरिदम अफ डिस्रेस्पेक्ट) भनेर चिनिने एक विशेष प्रकारको संसाधन  समावेश छ – जसलाई एक नवयुवा व्यक्ति के कस्तो प्रभावहरूको चपेटामा आउँदछ भन्ने उजागर गर्न उसको सामाजिक मिडिया अनुभवको नक्कल गर्न डिजाइन गरिएको छ।

## यस अभियानले कसलाई लक्षित गर्दछ?

- यस अभियानले १० वर्षदेखि १७ वर्ष उमेर समूहका नवयुवाहरू भएका वयस्क व्यक्तिहरूलाई लक्षित गर्दछ र उनीहरूलाई अनादरका यी लुकेका प्रवृतिहरूका बारे बढी थाहा पाउन प्रोत्साहित गर्दछ। नवयुवाहरूको मनोवृति र मान्यताहरूलाई विकास गर्न अभिभावक, हेरचाहकर्ता, संरक्षक, वा खेल प्रशिक्षक, शिक्षक र समुदायिक नेताहरूले महत्त्वपूर्ण भूमिका खेल्नु पर्दछ।
- Stop it at the Start (स्टप इट एट द स्टार्ट) अभियानले पुस्तागत परिवर्तन सिर्जना गर्ने उद्देश्य लिएको छ। बालबालिकाहरूले हामीबाट सिक्छन्। तसर्थ अभिभावक, परिवारिक सदस्य, शिक्षक, प्रशिक्षक, रोजगारदाता, सामुदायिक नेता र आदर्श व्यक्तित्वहरूको रूपमा हामी सबैले शरुदेखि नै के स्वीकार्य छ र के स्वीकार्य छैन भन्ने मापदण्ड निश्चित गर्नुपर्छ।

## के अनुवाद गरिएका सामग्रीहरू उपलब्ध छन्?

- अभियानको यस चरणका लागि अनुवाद गरिएका सामग्रीहरू निम्न प्रकारका छन्:
  - The Pocket Guide to Respectful Conversations (सम्मानजनक वार्तालापहरूका लागि पकेट गाईड)
  - The Hidden Trends of Disrespect Guide (अनादरका लुकेका प्रवृत्तिहरू)
  - The Issue Guide (मुख्य समस्या)
- यी सामग्रीहरू यी ११ वटा अभियान भाषाहरूमा अनुवाद गरिएको छ: अरबी, क्यान्टोनीज, फिलिपिनो (तागालोग), हिन्दी, हजारागी, कोरियन, म्यान्डरिन, नेपाली, पञ्जाबी, थाई, र भियतनामी। यी अभियान वेबसाइटमा डाउनलोडको लागि उपलब्ध छन्।

## यस अभियानको अपेक्षित प्रभावहरू के हुन् ?

- यस अभियानको सर्वोपरि उद्देश्य लैङ्गिक हिंसालाई समर्थन गर्ने वा नजरअंदाज गर्ने मनोवृत्ति र व्यवहारहरूलाई प्रभावित गरेर लैङ्गिक हिंसाको अन्त्य गर्नु हो।

- यस अभियानबाट निम्नानुसार अपेक्षा गरिएको छ:
  - महिलाहरूमाथि हुने अनादर र हिंसाप्रति नवयुवाहरूको मनोवृत्ति र व्यवहारलाई असर गर्ने नयाँ र नकारात्मक प्रभावहरूको बारेमा वयस्कहरू व्यक्तिहरूको जागरूकता र  समझदारी बढाउने।
  - महिलाहरूमाथि हुने अनादर र हिंसाका बारेमा नवयुवाहरूसँग सक्रिय र निरन्तर वार्तालापहरूको महत्त्वको बारेमा वयस्क प्रभावकहरूका माझमा समझदारी बढाउने।
  - महिलाहरूमाथि हुने अनादर र हिंसाप्रति नवयुवाहरूलाई असर गर्ने नयाँ र नकारात्मक प्रभावहरूको बारेमा जानकारी लिन वा नवयुवाहरूसँग कुरा गर्न चाहने वयस्कहरू व्यक्तिहरूको संख्या बढाउने।

## Algorithm of Disrespect™ के हो?

- Algorithm of Disrespect™ एउटा अन्तरक्रियात्मक शैक्षिक उपकरण हो जसले एक नवयुवा व्यक्तिको अनलाइन अनुभवको अनुकरण गर्दछ।
- यसलाई नवयुवाहरू अनलाइन दैनिक रूपमा अनादरका के कस्ता नयाँ र लुकेका प्रवृतिहरूमा संलग्न भैरहेका छन् भन्ने कुरा वयस्क व्यक्तिहरूलाई देखाउन र शिक्षित गर्न डिजाइन गरिएको हो।
- अनुभवको माध्यमबाट प्रयोगकर्ताहरूले एक नवयुवा व्यक्तिको सामाजिक मिडिया फिडमा कति सजिलै हानिकारक र अपमानजनक सामग्रीहरू देखा पर्न सक्छ, र ती सामग्रीहरू कति सजिलै स्वीकार्य हुन सक्छ भन्ने देख्नेछन्।